सन्धिखर्क नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

सन्धिखर्क, अर्घाखाँची लुम्बिनी प्रदेश, नेपाल

सतर्कताको लागि अनुरोध ।

मिति-२०८३-०७-१२

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण र जल तथा मौसम विज्ञान विभागबाट जारी पोष्ट, मनसुन सम्बन्धी विशेष बुलेटिन अनुसार बंगालको खाडीको चक्रवात "अर्नब" थप शक्तिशाली भई यस जिल्लालगायत लुम्बिनी प्रदेशका अन्य जिल्लाहरूमा समेत मिति २०८३/०७/१२ देखि २०८३/०७/१४ गतेसम्म चटयाङ र हावाहुरीसहित भारी वर्षा हुने सम्भावना रहेको देखिएको कारण सन्धिखर्क नगरपालिकाका विभिन्न स्थानमा पनि बाढी, पहिरो, डुबान तथा हावाहुरीबाट जनधनको क्षति हुन सक्ने संभावना भएकाले सम्पूर्ण नगरवासीहरुमा उक्त अवधिभर अत्यावश्यक काम बाहेक घरबाहिर आवतजावत नगर्नुहुनको साथै विपद् पूर्वतयारीका लागि हार्दिक अनुरोध गरिन्छ।

- सम्भावित विपद्को जोखिमलाई मध्यनजर गर्दै सम्पूर्ण नगरबासीमा उच्च सतर्कता अपनाउन,अत्यावश्यक काम बाहेक घरबाहिर आवतजावत नगर्न तथा सुरक्षित स्थानमा रहनुहुन अनुरोध छ ।
- धान काट्ने, भित्र्याउने जस्ता कृषि कार्य मौसम हेरेर गर्नुहुन र भारी वर्षाको समयमा खेतबारीमा नजानुहुन अनुरोध गरिन्छ।
- बाँगी खोला,भद्री खोला,घोचे खोला तथा अन्य खोला किनारमा रहेका बस्तीका बासिन्दाले चनाखो भई खोलाको बहाव तथा बाढीको अवस्था निरन्तर आकलन गर्दै बस्न तथा जोखिमको अवस्था उत्पन्न भएमा तत्काल सुरक्षित स्थानमा स्थानान्तरण हुन अनुरोध छ।
- विशेष गरि सन्धिखर्क नगरपालिका वडा नं. ७ को भुजुङ्गे बस्ती, वडा नं. ११ को काँक्रि लगायत पहिरो जोखिमयुक्त क्षेत्रका बासिन्दाले विशेष सतर्कता अपनाई सुरक्षित स्थानमा बसोबास गर्नुहुन अनुरोध छ।
- बाढी आउन सक्ने स्थानको वरपर अनावश्यक आवतजावत नगर्नुहुन अनुरोध छ ।
- स्थानीय जनप्रतिनिधि, टोल विकास संस्था तथा सरोकारवालाहरूले आ-आफ्नो क्षेत्रमा सम्भावित जोखिमको पहिचान गरी पूर्वतयारी गर्नुका साथै उद्धार तथा राहतका लागि आवश्यक समन्वय गर्नुहुन अनुरोध छ ।
- विपद्को अवस्था सिर्जना भए आफू सुरक्षित रहँदै तत्काल नजिकको सुरक्षा निकाय, स्थानीय जनप्रतिनिधि वा सम्बन्धित निकायमा जानकारी गराउन अनुरोध छ ।
- विपद्सम्बन्धी कुनै समस्या वा आपत्कालीन अवस्था उत्पन्न भएमा निम्न सम्पर्क नम्बरमा सम्पर्क गर्नुहुन अनुरोध छ।

आपत्कालीन सम्पर्क नम्बरहरू:

धर्मराज भुसाल, सहायक प्रशासकीय अधिकृतः ९८५७०६३४२४

चन्द्रमणी आचार्य, हेभी सवारी चालकः ९८५७०२९४६९

जिल्ला प्रशासन कार्यालय, अर्घाखाँचीः ९८५७००७७७७

जिल्ला प्रहरी कार्यालय, अर्घाखाँचीः ९८५७००५५५५

जिल्ला आपतकालीन कार्यसञ्चालन केन्द्र : १२३४ र ९८५६११३३३३

.....

प्रमुख प्रशासकीय अधिकृत

वेबसाइटः- www.sandhikharkamun.gov.np, इमेलः- sandhikharkamunicipality@gmail.com

फोनः- ०७७-४२०११२, ४२०६६२